जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १७ २०८२ साल साउन २२ गते बिहीबार (7 Aug 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सन्दर्भ स्तनपान महिना :... ३ पृष्ठमा : पर्साका सुरक्षा निकायले ... ३ पृष्ठमा :घातक हिमाली बाढीपछि ...

# प्रहरीको गोलीबाट लालु यादवको मृत्यु

## मृत्युको बिरोधमा दिनभर राजविराजमा प्रदर्शन, भिंड नियन्त्रण गर्न तीन राउण्ड आश्रु ग्यास प्रहार





**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

प्रदर्शनकारीको भीड अनियन्त्रित हुन थालेपछि प्रहरीले तीन राउण्ड अश्रु ग्यास प्रहार गरेको छ ।

मदिरा तस्करी नियन्त्रण गर्ने क्रममा मंगलबारराति प्रहरीले गोली चलाउँदा राजगढ गाउँपालिका २ कमलपुरका ३६ वर्षीय लालु यादवको प्रहरीको गोलीबाट मृत्यु भएको थियो । उनी सो पालिका स्थित श्री खुवलाल जगन्नाथ शक्ती आधारभुत विद्यालय व्यवस्थापन समितीका अध्यक्ष समेत हुन ।

यादवको मृत्यु भएको विरोधमा स्थानीयहरु जिल्ला प्रहरी कार्यालय सप्तरी अगाडी बुधबार बिहानैदेखी प्रदर्शनमा उत्रिएपछि भीडलाई नियन्त्रणमा लिन प्रहरीले साँझ अश्रु ग्यास प्रहार गरेको हो ।

प्रर्दशनकारीले लाइसेन्स लिएर कारोबार गर्ने लालुको मदिरा प्रहरीले नियन्त्रणमा लिन खोजेपछि आपत्ती जनाउँदा गोली प्रहार गरी हत्या गरिएको दाबी गरेका छन् ।

स्थानीयहरुले व्यक्तिलाई नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै पनि प्रहरीले गोली चलाएर ज्यान लिएको आरोप लगाउँदै घट्नाको सत्यतथ्य छानविन हुनुपर्ने माग गरेका छन् । माग सम्बोधन नभए सम्म पोस्टमार्टमका लागी स्थानीय गजेन्द्रनारायण सिह अस्पतालमा राखिएको यादवको शव नबुझ्ने परिवारजनको अडान छ ।

प्रदर्शनकारी र प्रहरीबीच स्थिति तनावपूर्ण बन्दै गएपछि स्थिति नियन्त्रणमा लिन तीन राउण्ड अश्रु ग्यास प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिएका छन् । प्रदर्शनकारीको ढुङ्गामुढाबाट ६ जना प्रहरी सामान्य घाईते भएको उनले जानकारी समेत दिए ।

प्रहरीका अनुसार मंगलबार राती ११ बजेतीर भारततर्फ मदिरा तस्करी भइरहेको गोप्य सुचनाका आधारमा पुगेका प्रहरी टोलीलाई तस्करी हुन लागेको मदिरा नियन्त्रणमा लिन खोज्दा अवरोध, ढुंगामुढा र प्रहरी टोलीमाथी नै आक्रमणको प्रयास हुन थालेपछी आत्मरक्षाका लागी गोली चलाइएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जीतेन्द्र कुमार बस्नेतका अनुसार सुरुमा तीन राउण्ड हवाय फायर गर्दा पनि तस्कर टोली पछी नहटेर तस्करीका सामान लिन नदिई आक्रमणमा उत्रेपछी चलाइएको चौथो गोली यादवको तिघ्रामा लागेको र तस्करको आक्रमणबाट प्रहरी सहायक हबल्दार सिकेन्द्र थारु पनि घाईते भएपछी बाध्य भएर आत्मरक्षाका लागी गोली चलाउनु परेको दाबी गरे ।

भारततर्फ तस्करी प्रयोजनका लागी राखिएको मदिरा हामीले जफत गरेर लैजान्छै भन्दा पनी नमानेको र प्रहरीलाई घेरामा हालेर अवरोध मात्र नगरी तस्करबाट आक्रमण हुन थालेपछि गोली चलाउने अवस्था सिर्जना भएको उनको दाबी छ ।

तिघ्रामा गोली लागेर घाइते भएका यादवको स्थानीय गजेन्द्रनारायण सिह अस्पताल पुऱ्याउँदा उपचारको क्रममा मृत्यु भएको उनको भनाई छ । प्रहरीले ८० कार्टुन विभिन्न ब्राण्डका मदिरा समेत नियन्त्रणमा लिएको छ ।

यता उद्योग बाणिज्य संघ सप्तरीले उक्त घटनाको बिरोध गर्दै सत्यतथ्य छानबिन र दोषिमाथी कारवाहीको माग गर्दै बुधबार नै प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएका छन् ।

उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालको नेतृत्वमा बुझाइएको ज्ञापन पत्रमा मृतक मदिरा व्यवसायी भएको तथा उनको गोदाममा राखिएको बैध सरसामानलाई प्रहरीले बल प्रयोग गरि जबरजस्ती लान खोजेको उल्लेख छ । सबै बिल, बिजक र प्रमाण हुँदा हुँदै

*बाँकी अन्तिम पृष्ठमा*

## नक्कली नोटसहित सप्तरीका दुई युवक पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, २१ साउन ।**

सुनसरीको कोशी गाउँपालिका ८ स्थित भीमनगर सीमावर्ती क्षेत्रबाट प्रहरीले नक्कली नेपाली नोटसहित सप्तरीका दुई युवकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीले भारतबाट नेपालतर्फ आउँदै गरेको लु९२प २३८० नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा नक्कली नोटसहित सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका २ का २६ वर्षीय राजेशकुमार रजक र सोही नगरपालिका १ का २५ वर्षीय राजेश चमार रजकलाई पक्राउ गरेको हो ।

उनीहरूलाई इलाका प्रहरी कार्यालय भाण्टाबारीबाट खटिएको टोलीले मंगलबार राती नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीका अनुसार मोटरसाइकलको पछाडि सवार राजेश चमार रजकको साथबाट नेपाली एक हजार दरका ३८ थान नक्कली नोट जम्मा रु ३८ हजार फेला परेको हो । बरामद नक्कली नोट र प्रयोग गरिएको मोटरसाइकलसहित दुवै जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । हाल उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

## सम्पादकीय

### ब्लक, विटौरी जग्गाधनीले लालपूर्जा कहिले पाउने ?

सप्तरीको जिल्ला सदरमुकाम राजविराजमा ब्लक विटौरीको समस्या वर्षौंदेखि समाधान हुन सकेको छैन् । नगरकै विभिन्न वडामा रहेका ६८ विगहाका जग्गाधनीलाई अझै पनि ब्लक विटौरीकै कारण लालपूर्जा वितरण हुन सकेको छैन । यसले गर्दा वास्तविक जग्गाधनीहरू न त आफ्नो जमिनमा कानुनी अधिकार स्थापित गर्न पाएका छन्, न त त्यसलाई आर्थिक गतिविधिमा प्रयोग गर्न सकेका छन् ।

ब्लक, विटौरी प्रकरण प्राविधिक र प्रशासनिक दुबै कारणले उत्पन्न भएको हो । जग्गाधनीहरू जग्गा बेचबिखन, धितो राखेर कर्जा लिन वा विकासका कार्य गर्न असमर्थ बनेका छन् । राजविराज जस्तो ऐतिहासिक नगरमा यो समस्या दीर्घकालीन बन्नु स्थानीय तहको लापरवाही मात्र होइन, नागरिक अधिकारप्रति बेवास्ता पनि हो । लालपूर्जा नपाउँदा स्थानीयको मानसिक, सामाजिक र आर्थिक अवस्था दयनीय बनेको छ ।

राजविराजका ब्लक, विटौरी जग्गाधनीहरूको लामो प्रतीक्षा कहिले अन्त्य हुन्छ ? अब स्थानीय सरकारको जवाफदेहिताले मात्र यसको उत्तर दिन सक्छ । तसर्थ तत्काल समाधानको पहल नगरेसम्म यो समस्या नगर विकासको सबैभन्दा ठूलो अवरोध बनेको कुरामा दुईमत नहोला ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सन्दर्भ स्तनपान महिना : कार्यस्थलमा छैन स्तनपान कक्ष

**नारायण अधिकारी**

चितवन, २१ साउन (रासस) ।

सरकारले सुत्केरी महिलाका लागि तीन महिना बिदा दिने गरेको छ । निजी क्षेत्रमा भने यो सुविधा अझै सबैले पाइसकेका छैनन् । यसो त स्वस्थ बच्चाका लागि कम्तीमा दुई वर्ष नियमित स्तनपान गराउनुपर्ने हुन्छ ।

तीन महिनापछि नियमित काममा फर्किने कर्मचारी होस् वा पेसा व्यवसायमा लाग्नेहरूले चाहेर पनि आफ्ना सन्तानलाई आवश्यक मात्रामा स्तनपान गराउन पाएका हुँदैनन् । काम गर्ने थलोमा स्तनपान गर्नका लागि ठाउँको अभाव हुने गर्दछ ।

इलाम घर भएर व्यावसायिक कीट विकास केन्द्र भण्डारामा कार्यरत सुरुचि त्रिपाठीको शिशु अहिले एक वर्ष छ महिना पूरा भएको छ । उहाँ कृषि विकास कार्यालय चितवनमा कार्यालयमा हुँदा नवजात शिशुलाई जन्म दिनुभयो । शिशु जन्मिएपछि तीन महिना नियमित आमाको दूध खुवाएको भए पनि पछि कार्यालयको कामको चापले गर्दा नियमित स्तनपान गराउन पाउनुभएन । उहाँले भन्नुभयो, “घर र कार्यालय दुवैमा सहयोग गर्ने व्यक्ति भयो भने सहज हुने रहेछ ।”

कार्यालयमा कार्यालय प्रमुख कस्तो छ भन्नेमा भर पर्नुपर्ने हुँदा समस्या हुने उहाँको भनाइ छ । टाढा घर हुनेलाई बच्चाको हेरचाहादेखि नियमित स्तनपानको समस्या हुने गरेको उहाँले बताउनुभयो । बच्चा आमाको दूधमा निर्भर हुने समयमा बच्चालाई छाडेर जाँदा उसको शारीरिक वृद्धिमा समेत समस्या हुने गरेको उहाँले बताउनुभयो ।

बच्चाको सुनौलो एक हजार दिन भन्ने गरिए पनि सरकारी तथा निजी क्षेत्रमा कार्यरत आमाहरूलाई स्तनपान गराउन समय नमिल्ने उहाँले बताउनुभयो ।

पत्रकार प्रतिमा सिलवाल आफूले छोरालाई चार महिनामात्रै नियमित स्तनपान गराउन पाएको बताउनुहुन्छ । काठमाडौँमा बसेर काम गर्दैगर्दा कार्यालय टाढा भएकाले दिउँसोको समयमा स्तनपान गराउन नपाएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “एकातर्फ मलाई गाह्रो हुन्थ्यो, अर्कोतर्फ बाबुलाई ल्याक्टोजिन खुवाउनु पर्थ्यो ।” आफूलाई जस्तै धेरै आमाहरूले यो समस्या भोगिरहेको सिलवाल बताउनुहुन्छ ।

भरतपुर महानगरपालिका-९ शरदपुर निवासी स्वस्तिका चौहानको पनि समस्या उस्तै छ । शिशु जन्मिएको तीन महिनादेखि कार्यालयको काममा आउनुभएकी उहाँको बच्चा अहिले एक वर्ष छ महिनाको छ । नजिकै घर भएकाले त्यस्तो ठूलो समस्या नभए पनि महिला कर्मचारीलाई बच्चा जन्मिएपछि समस्या हुने गरेको उहाँले बताउनुभयो ।

सरकारी कर्मचारी उहाँ बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म कार्यालयमा काममा हुँदा बच्चालाई आवश्यकताअनुसार स्तनपान गराउन कठिन हुने बताउनुहुन्छ । हरेक दुई/दुई घण्टामा बच्चालाई स्तनपान गराउन जान समेत सम्भव नहुने हुँदा समस्या पर्ने गरेको उहाँको भनाइ छ ।

चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालका बाल रोग विशेषज्ञ डा स्वेच्छा अधिकारी स्तनपान बच्चाको पहिलो र सबैभन्दा महत्वपूर्ण आहार भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “यो केवल खाना मात्र होइन, रोगसँग लड्ने शक्ति दिने प्राकृतिक औषधि पनि हो ।”

स्तनपान बच्चा र आमा दुवैका लागि अमूल्य उपहार भएको बताउँदै डा अधिकारीले भन्नुभयो, “आमाको दूध सिधै स्तनबाट बच्चालाई दिइन्छ । यसमा कुनै तयारी गर्नु पर्दैन, तापक्रम पनि बच्चाका लागि उपयुक्त हुन्छ र यो पूर्ण रूपमा सङ्क्रमणमुक्त हुन्छ ।”

आमाको दूधमा बच्चाको रोगसँग लड्ने क्षमतालाई बढाउने तत्वहरू हुने जनाउँदै उहाँले स्तनपान गराइएका शिशुहरूको मस्तिष्क विकास अन्यको तुलनामा बढी राम्रो हुने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “आमाको दूधमा यस्तो तत्व हुन्छ जुन न्यूरोलोजिकल विकासमा सहयोग गर्छ, जुन गाई वा अन्य दूधमा हुँदैन ।”

बच्चालाई आमासँग नजिक हुनु, सुरक्षित महसुस हुनु र मायाको अनुभूति हुनु यहीँबाट सुरु हुने उहाँको भनाइ छ । डा अधिकारीले भन्नुभयो, “पूर्ण रुपमा स्तनपान गरेको बच्चामा एलर्जी, दम, पेटको सङ्क्रमण, मोटोपन, मधुमेह, उच्च रक्तचाप र मुटुको रोगहरू कम हुने सम्भावना हुन्छ ।”

बच्चालाई मात्रै नभएर स्तनपानले आमालाई पनि फाइदा हुने उहाँको भनाइ छ । डा अधिकारीका अनुसार बच्चा जन्मेपछि जब आमाले स्तनपान सुरु गर्छिन्, तब पेटभित्रको बच्चा बस्ने अङ्ग (गर्भाशय) खुम्चिन थाल्छ । यसले गर्दा धेरै रगत बग्ने सम्भावना घट्छ र आमाको शरीर चाँडै ठीक हुन मद्दत हुन्छ ।

स्तनपान प्राकृतिक गर्भनिरोधक हुने बताउँदै डा अधिकारीले क्यान्सरको जोखिम घटाउने बताउनुभयो । भरतपुर अस्पतालका बालरोग विशेषज्ञ डा खेमप्रसाद पौडेलले स्तनपानका फाइदा बुझाउन आवश्यक रहेको बताउनुभयो । नवजात शिशुलाई दुई वर्षसम्म स्तनपान गराउनुपर्ने उहाँले बताउनुभयो । शिशुहरूको राम्रो बृद्धिविकासका लागि महत्वपूर्ण आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्थापनमा सबैले सहयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

कार्यालयमा अनिवार्य रुपमा स्तनपान कक्ष हुनुपर्ने, स्तनपान गराउने आमाहरूलाई अतिरिक्त समय व्यवस्थापन गरिदिनुपर्ने, आम नागरिकले आफ्नो ठाउँबाट स्तनपान गराउनका लागि सहयोग गरिदिनुपर्ने उहाँको सुझाव छ ।

# ‘समाजलाई नकारात्मक असर पार्ने कुनैपनि विधेयक सदनमा पेस हुँदैन’

काठमाडौँ, २१ साउन (रासस) ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले समाजलाई नकारात्मक असर पार्ने तथा सामाजिक मूल्यमान्यतामा प्रतिकूल प्रभाव पार्ने गरी बहुविवाहलगायत कुनैपनि विधेयक सदनमा पेस नहुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले आकस्मिक, शून्य र विशेष समयमा उठाउनुभएका प्रश्नको जवाफ दिँदै उहाँले सामाजिक व्यवस्था खलल गर्नेगरी कानुन निर्माण गर्न कोही पनि सहभागी हुने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “कानुन निर्माणको एउटा पक्ष सामाजिक आवश्यकता परिपूर्ति गर्ने र समाजको विकासलाई टेवा पुऱ्याउँदै सामाजिक सद्भाव र अमनचयन, अनुशासन कायम गर्ने हो ।”

मन्त्री चौरसियाले सांसद र आमसरोकार भएकाले उठाउनुभएको बहुविवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने आममाफीलगायत विषयमा प्राप्त सुझावका आधारमा आवश्यक संशोधन र परिमार्जन गर्ने निर्णय भएको जानकारी दिँदै सुझावका आधारमा मात्रै संशोधन र परिमार्जन गरिने उल्लेख गर्नुभयो ।

सरकारले तयार गरिरहेको मुलुकी अपराध संहिता, २०७४ सहित अन्य कानुन संशोधनको मस्यौदाका सम्बन्धमा यही साउन २० गते मन्त्रिपरिषद्को विधेयक समितिमा छलफल भएको जनाउँदै मन्त्री चौरसियाले उक्त विधेयकमा समावेश भएका बहुविवाह, विवाहको उमेर, अग्रिम जमानत, राष्ट्रपतिबाट दिइने आमाफीलगायत विषय परिमार्जन र संशोधन गर्नुपर्ने देखिएकाले सो सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिवको संयोजकत्वमा उपसमिति गठन भएको उल्लेख गर्नुभयो ।

उपसमितिले सांसद र आमसरोकार भएका निकायले उठाएका बहुविवाहलगायत विषयमा विधेयकमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने निर्णय भएको मन्त्री चौरसियाले जानकारी दिनुभयो । मुलुकी अपराध संहिता कार्यान्वयनको सन्दर्भमा देखिएका कतिपय कठिनाइको समाधान गर्ने उद्देश्यले प्रस्ताव गरिएका विषयमा संशोधन गर्ने निर्णय भएको उहाँको भनाइ छ ।

सोही निर्णणलाई लिएर केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा अनुमानको आधारमा विभिन्न व्याख्या गरिनाले आममानिसको बुझाइमा अन्यौलता र आक्रोश सिर्जना भएको मन्त्री चौरसियाले उल्लेख गर्नुभयो । उहाँका अनुसार संहिताहरूमा भएका कानुनी व्यवस्थामा संशोधनका लागि सुझाव पेस गर्न सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश डा आनन्दमोहन भट्टराईको संयोजकत्वमा अध्ययन समिति गठन भई उक्त समितिले तयार गरेको प्रतिवेदनमा देवानी तथा फौजदारी कानुनको सुधारका लागि कतिपय सुझाव दिइएको थियो ।

यस्तै, तत्कालीन महान्यायाधिवक्ता डा दिनमणि पोखरेलको संयोजकत्वमा गठित फौजदारी न्याय तथा प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदलको प्रतिवेदनमा फौजदारी कानुनमा सुधारका लागि सुझाव अनुरुप देवानी तथा फौजदारी कानुनमा समयानुकूल सुधारका लागि पेस भएका सुझावसमेतको आधारमा मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४, मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा संशोधनका लागि मन्त्रालयले मस्यौदा तयार गरेको हो ।

# पर्साका सुरक्षा निकायले राजस्वमा बुझाउने अधिकांश समानमा कैफियत छैन

**हिमाल लम्साल**
पर्सा, २१ साउन (रासस)।

पर्साका दुवै सुरक्षा निकायले बिलबिजकभन्दा बढी भएका मालसामान तथा राजस्व चुहावट भएको आशङ्कामा पथैलयास्थित राजस्व अनुसन्धान कार्यालयमा बुझाउने अधिकांश सामानमा कैफियत भेटिएको छैन।

वीरगञ्ज भन्सार कार्यालय मातहतको एकीकृत जाँचचौकी र सुख्खा बन्दरगाहबाट निस्किएका मालसामान सहितका ढुवानीका साधनलाई पर्सामा अवस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरीले बिलबिजकभन्दा बढी सामान बोकेको र राजस्व चुहावट गरेको आशङ्कामा पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाउँदै आइरहेका छन्। सुरक्षाकर्मीले बुझाएका मूल्यको आधारमा कैफियत भने नगन्य मात्रामा भेटिँदै आइरहेको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले भन्सारको गेटबाट प्रज्ञापत्रसहित छुटेका मालवाहक सवारीसाधनलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले बीच सडकमा रोकेर जाँचका नाममा दुःख दिने प्रवृत्ति रहेको बताउनुभयो।

"सुरक्षा निकायहरूले मालवाहक समान बोकेका सवारीसाधनलाई सडकमा रोकेर विभिन्न मोलतोल पनि गर्छन् भन्ने गुनासा आइरहेका छन्", उहाँले भन्नुभयो, "सुरक्षा निकायले असल नियतले निरीक्षण र अनुगमन गर्नु सकारात्मक कार्य भए पनि खराब नियतले गर्नुभने हुँदैन।"

अध्यक्ष गौतमले कतिपय व्यापारी र ट्रान्सपोर्ट कम्पनीले पनि कहिलेकाहीं गलत नियतले बिलबिजकभन्दा बढीमा सामान राख्दा समग्र व्यापारी व्यवसायीले अनावश्यक रूपमा सास्ती र झन्झट बेहोर्नुपरेको बताउनुभयो।

"सबै व्यापारी असल छन् भन्न सकिँदैन। तर, एक/दुई जना व्यापारीका कारणले असल नियतले काम गर्ने व्यक्तिले पनि जाँचका नाममा सास्ती र झन्झट बेहोर्न बाध्य भइरहेका छन्", सङ्घका अध्यक्ष गौतमले भन्नुभयो। कतिपय सुरक्षाकर्मीले पैसा लिएर बिलबिजकभन्दा बढी सामान बोकेका मालवाहक सवारीसाधनलाई पनि निर्वाध रूपमा छाड्ने गरेका उहाँले आरोप लगाउनुभयो।

"सडकमा रोकेर जाँच गर्ने प्रहरीले पैसा पाएको खण्डमा ती सवारीसाधनलाई सहजै उम्कन दिन्छन्", उहाँले भन्नुभयो, "पैसा नदिने मालवाहक सवारीसाधनलाई भने राजस्व अनुसन्धान कार्यालयमा बुझाएर दुःख दिने गरिएको देखिन्छ", उहाँले भन्नुभयो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख गौतम मिश्रले गत आव २०८१/८२ मा रु ५२ करोड चार लाख ५८ हजार २९३ मूल्य पर्ने मालसामानसहित ९१ वटा सवारीसाधनलाई पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको जानकारी दिनुभयो।

"हामीले बिलबिजकभन्दा बढी भएका सामान र राजस्व चुहावट भएको आशङ्कामा लागेर पक्राउ गरेका मालवाहक सवारीसाधनलाई पथलैयास्थित राजस्व कार्यालयमा बुझाउने गरेका छौँ", उहाँले भन्नुभयो, "हामीलाई पर्याप्त हुने सूचनाको आधारमा आवश्यक छानबिनका लागि पठाउने गरेका छौँ। हामी राजस्व चुहावट भयो कि भएन भनेर अनुसन्धान गर्ने निकाय नभएकाले पनि बुझाउने गरेका हौँ।"

पर्सा प्रहरीले आवमा २०८०/८१ मा रु ४५ करोड ८१ लाख २५ हजार ६४ मूल्य पर्ने मालसामानसहित ८३ वटा सवारीसाधनलाई पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाएको थियो।

सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले पनि गत आवमा रु ११ करोड ९९ लाख ४७ हजार एक सय ७८ मूल्य पर्ने बिलबिजकभन्दा बढी भएका र राजस्व चुहावट भएको आशङ्का सामानसहित सवारीसाधन पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाएको थियो। अघिल्लो आवमा सशस्त्र प्रहरीले रु १९ करोड ३८ लाख २९ हजार ७५६ मूल्य पर्ने बिलबिजकभन्दा बढी भएको तथा राजस्व चुहावट भएको आशङ्कामा सामान पक्राउ गरेर बुझाएको थियो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका सूचना अधिकारी कृष्ण पुजराले सशस्त्र प्रहरीले बिलबिजकभन्दा बढी सामान भएको र राजस्व चुहावट भएको भन्ने विशेष सूचनाको आधारमा मालवाहक सवारीसाधनलाई पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाउने गरेको बताउनुभयो।

"हामीलाई प्राप्त हुने विशेष सूचनाको आधारमा राजस्व चुहावट भएको आशङ्कामा पथलैयामा बुझाउने गरिन्छ", उहाँले भन्नुभयो, "बिलबिजक नै नभएका तथा भन्सार छली भएका सामान भने वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गर्छौं।"

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गौतमले राजस्व अनुसन्धान कार्यालयले विशेष गरी शिल्डप्याक नगरिएका सामानको बिल छ/छैन, भिसिटिएस र भ्याटबिलसँग त्यसको अर्धकट्टी मिलेको छ/छैन हेर्नेलगायत कार्य गर्दै आएको बताउनुभयो।

पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले सुरक्षाकर्मीले पक्राउ गरेर राजस्व अनुसन्धान कार्यालयमा बुझाइएका सवारीसाधनमा कैफियत भने नगन्य मात्रामा भेटिने गरेको जानकारी दिनुभयो।

"नेपाल प्रहरीले जिल्ला प्रहरी कार्यालयलाई राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिदिँदै आइरहेको छ। प्रहरीले आफ्नो लक्ष्य पूरा गर्न मालवाहक सवारीसाधनलाई समात्ने गर्छन्। सोही गाडीको बिलबिजकबमोजिमको जति मूल्य छ। त्यही मूल्यलाई राखेर राजस्व अनुसन्धान कार्यालयमा बुझाउने काम हुँदै आइरहेको छ", उहाँले भन्नुभयो, "बिल नभएका सामान बढी भएमा राजस्व चुहावटअन्तर्गत पर्छन्। बिलकै मूल्यलाई राजस्व चुहावट भयो भनेर ल्याउने गरेको पनि भेटिने गर्छ।"

पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले १६ जिल्लामा हुने राजस्व चुहावटका घटनालाई हेर्ने गर्छ। कार्यालयले गत आवमा राजस्व चुहावट धरौटीबापत रु ११ करोड ७६ लाख ८५ हजार एक रकम सङ्कलन गरेको छ। कार्यालयले गत आवमा राजस्व चुहावटको १४ वटा मुद्दा दर्ता गरेको छ। अघिल्लो आवमा भने तीन वटा मात्रै राजस्व चुहावटको मुद्दा दर्ता भएको थियो।

कार्यालयले गत आवमा राजस्व चुहावट मुद्दाको मागदाबी रकम रु ७६ करोड ३५ लाख ३६ हजार ३०० छ। अघिल्लो आवमा भने कार्यालयले राजस्व चुहावट मुद्दाको मागदाबी रकम भने रु चार करोड ५४ लाख ११ हजार २९८ रहेको थियो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०४/२०

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४७ मधुलाल गंडरको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे मनियार परसाहि सा.कि.नं. २४२ को ज.वि. ०-२-० मध्ये ०-१-०, ऐ.ऐ. सा.कि.नं. २४३ को ज.बि. ०-०-१३ मध्ये ०-०-६.५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बथनाहा वडा नं. १ हाल महादेवा गा.पा. वडा नं. ३ बस्ने सुन्दर यादवको नाति यदुलाल यादवको छोरा उपेन्द्र प्रसाद यादवको यस कार्यालयमा द.नं. ७७९६ मिति २०८१/०८/११ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/२० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.न. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २४२<br>२४३ | मधुलाल गंडर | डाढा | ८ | २९९/<br>४७६ | ०-०-७.५ | उपेन्द्र प्रसाद यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा पं बथनाहा वार्ड नं. १ बस्ने जदुलाल यादबको नम्बरी हो जनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत

## विश्व समाचार

### घातक हिमाली बाढीपछि बेपत्ता भएकाहरूको खोजीमा भारतीय सेना

नयाँदिल्ली, २१ साउन (रासस/एएफपी)।

घातक हिमाली आकस्मिक बाढीको एक दिनपछि बेपत्ता भएका व्यक्तिहरूको खोजी गर्न भारतीय सेनाले बुधबार स्निफर कुकुर, ड्रोन र भारी अर्थ-मुभिङ उपकरणहरू ल्याएको छ।

उत्तराखण्ड राज्यको धराली सहरमा हिलो र फोहोरमैलाको पानीले एउटा साँघुरो पहाडी उपत्यकाको पहरो भत्काएपछि कम्तीमा चार जनाको मृत्यु भएको छ भने ११ जना सैनिकसहित करिब एक सय जना बेपत्ता भएका छन्।

"थप सेना टुकडीहरू, सेनाका ट्र्याकर कुकुरहरू, ड्रोनहरू, लजिस्टिक ड्रोनहरू, माटो खन्ने उपकरणहरू आदिसहित... प्रयासलाई तीव्रता दिन थालिएको छ", सेनाले बुधबार भनेको छ।

सैन्य हेलिकप्टरहरूले 'आवश्यक सामग्रीहरू, औषधिहरू र डुबानमा परेकाहरूको उद्धार' का लागि काम गरिरहेको पनि सेनाले बताएको छ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले यो बाढी तीव्र 'आरी घोप्टे' वर्षाका कारण आएको बताउनुभयो र उद्धार टोलीलाई 'युद्धस्तरमा' तैनाथ गरिएको बताउनुभयो।

मङ्गलबार दिउँसो पर्यटकीय क्षेत्रमा हिलो पानीको डरलाग्दो लहरले बहुतले भवनहरूलाई बगाएको भारतीय मिडियामा प्रसारित भिडियोहरूले देखाएका छन्।

धेरै मानिसलाई दौडिरहेको देख्न सकिन्थ्यो। त्यसपछि तिनीहरू पूरै भवनहरूलाई जरैदेखि उखेल्ने अँध्यारो फोहोरको छालहरूमा डुबेका थिए।

रक्षा राज्यमन्त्री सञ्जय सेठले प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) समाचार एजेन्सीलाई मङ्गलबार राति 'चार जनाको मृत्यु र करिब एक सय जना बेपत्ता' भएको बताउनुभयो।

### किन्नेर कैलाश यात्रा मार्गमा फसेका ४१३ जना तीर्थयात्रीका उद्धार

नयाँदिल्ली, २१ साउन (रासस/एएनआई)।

भारत-तिब्बत सीमा प्रहरी (आइटिबिपी) ले हिमाचल प्रदेशको किन्नेर जिल्लाको किन्नेर कैलाश यात्रा मार्गमा फसेका ४१३ जना तीर्थयात्रीलाई उद्धार गरेको छ।

आईटीबीपीको १७ औं बटालियनका कर्मचारीले तीर्थयात्रीहरूलाई सुरक्षित रूपमा निकाल्न डोरीको सहयोगमा 'ट्राभर्स क्रसिङ' प्रविधि प्रयोग गरेर उद्धार अभियान सञ्चालन गरेको जनाइएको छ।

किन्नेर जिल्ला प्रशासनबाट प्रभावित क्षेत्रमा थप मानिसहरू फसेको चेतावनी प्राप्त भएपछि आइटिबिपी र एनडीआरएफ टोलीहरूलाई पुनः परिचालन गरियो र सघन खोजी र उद्धार कार्य जारी राखिएको छ। आइटिबिपीले बाँकी सबै तीर्थयात्रीको सुरक्षा सुनिश्चित गर्न जिल्ला प्रशासन र अन्य सम्बन्धित निकायसँग नजिकबाट समन्वय गर्दै सबै सम्भावित सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

यसैबीच, भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले मौसमी चेतावनी जारी गर्दै बिलासपुर, सोलन, सिमला, सिरमौर र मन्डी जिल्लाहरूमा तीव्र वर्षा र हिमाचल प्रदेशका अधिकांश ठाउँमा हल्कादेखि मध्यम वर्षाको पूर्वानुमान गरेको छ।

यसबाहेक चम्बा, काँगडा, हमिरपुर, उना, लाहुल र स्पिति, किन्नेर र कुल्लु जिल्लाका धेरै ठाउँमा हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ। निरन्तरको भारी वर्षाले सिमलामा सामान्य जनजीवन प्रभावित भएको छ, जसले गर्दा जिल्लाका अधिकांश शैक्षिक संस्थाहरू बन्द भएका छन्।

राज्य विपद् व्यवस्थापन प्राधिकरण (एसडिएमए) को रिपोर्ट अनुसार यस वर्ष जुन २० देखि अगस्ट ५ सम्म मनसुनी मौसममा हिमाचल प्रदेशमा १९४ जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका र ठूलो सङ्ख्यामा भौतिक संरचनामा क्षति भएको छ।

### गाजामा सहायता बोकेको ट्रक पल्टिँदा २० जनाको मृत्यु

गाजा सिटी, २१ साउन (रासस/एएफपी)।

मध्य गाजा पट्टीमा सहायता खोज्नेहरूको भिडमा सहायता बोकेको ट्रक पल्टिँदा २० जनाको मृत्यु भएको गाजाको नागरिक सुरक्षा निकायले बुधबार जनाएको छ।

मङ्लबार मध्यरातमा सहायता बोकेको ट्रक सयौं नागरिक सहायताको प्रतीक्षामा रहेका नागरिक माथि पल्टिँदा बीस जनाको मृत्यु हुनुको साथै दर्जनौं घाइते भएको गाजाको सुरक्षा निकायका प्रवक्ता महमुद बासलाई उद्धृत गर्दै एएफपीले जनाएको छ।

इजरायलले पहिले बम प्रहार गरेको असुरक्षित सडकमा ट्रक चलाइरहेको कारण नुसिरात शरणार्थी शिविर नजिकै ट्रक दुर्घटना भएको बासले बताउनुभएको छ।

हमासले इजरायललाई ट्रक चालकहरूलाई सहायता वितरण केन्द्रहरूमा पुग्न खतरनाक मार्गहरू प्रयोग गर्न बाध्य पारी 'जानाजानी भोकमरी र अराजकता सिर्जना गरेको' आरोप लगाएको छ।"

इजरायलले आधारभूत आवश्यकताहरूका लागि हप्तौंदेखि पर्खिरहेका भोकमरीले ग्रस्त नागरिकहरू सामु जानमा चालकहरूलाई अवरोध गर्ने गरेको हमासको मिडिया कार्यालयले एक विज्ञप्तिमार्फत जनाएको छ।

# लोहोरोको प्रहारबाट रुपनी गम्भिर घाईते



**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

सप्तरीमा एक महिला मसला पिस्न प्रयोग गरिने लोहोरोको प्रहारबाट गम्भिर घाईते भएकी छिन ।

सप्तरीको विष्णुपुर गाउपालिका ७ इटहरी टोलकी ३६ बर्षिया रुपनी देवी शर्मालाई मंगलवार राती ११ बजे छिमेकी रामेश्वर मण्डल र उनका छोरा शिवाले लोहोरो प्रहार गरेको पीडित परिवारले जनाएको छ ।

घरमा कोही नभएको बेला आफु माथी लोहोरो र लट्ठीले आक्रमण भएको पीडित घाइते रुपनीले बताएकी छिन । रुपनीको टाउकोमा ६ वटा टाँका लगाइएको छ भने शरिरको अन्य भागमा समेत लोहोरो र लट्ठीले हानेको घाउ छ ।

छिमेकी रामेश्वर र उनका छोरा शिवाले आक्रमण गर्नुका कारण एउटा गलत मनसाय र अर्को यस अघिको एउटा मुद्दामा अदालतबाट सजाय ठहर हुनु रहेको उनको भनाई छ । उनीमाथी रामेश्वरले दोश्रो पटक यसरी ज्यानै मार्ने गरी आक्रमण गरेका हुन । यस अघि २०७८ साल साउन २१ गते पनि उनीमाथी रामेश्वरद्वारा घाँटीमा घरेलु हतियार प्रयोग गरी ज्यानै मार्ने प्रयास भएको थियो ।

आफ्नो खेतमा लगाएको अन्नबाली रुपनीले पालेको बाख्राले खाइदिएको निहुँमा आवेशमा आई रामेश्वरले घरेलु हतियारले आक्रमण गर्दा गम्भीर घाईते भएकी उनको २ महिना सम्म उपचार चलेको थियो । उक्त मुद्दामा हालै सप्तरी जिल्ला अदालतले रामेश्वरलाई कसुरदार ठहर गरी १ वर्ष कैद र ५० हजार रुपैया जरिवाना हुने ठहर गरिसकेको छ ।

उक्त फैसला कार्यान्वयनको तरखरमा रहेकै बेला रामेश्वरले मंगलबारराती दोश्रो पटक रुपनी माथी साँघातिक आक्रमण गरेका हुन । उर्मिलाले आफ्नो ज्यानै मार्ने योजनाका साथ रामेश्वर दोश्रो पटक यसरी मध्यरातका समयमा आक्रमण गर्न आएको सुनाईन । उनका श्रीमान् नन्दलाल रोजगारीका सिलसिलामा अहिले काठमाडौंमा छन ।

घरमा कोही नभएको मौका छोपी फेरी पनि आक्रमण गर्ने योजना रामेश्वरले बनाएको चालपाएपछि आफुलले फोन मार्फत १ घण्टा अगावै प्रहरीलाई सुरक्षाका लागी अनुरोध गरेपनी प्रहरी ढिलो आउँदा आफु सांघातिक आक्रमणमा पर्न बाध्य भएको उनको गुनासो छ ।

प्रदेश सांसद किरण कुमारी साहलाई जानकारी गराएको उनको कथन छ । प्रदेश सांसद साहले रामेश्वरबाट हुन सक्ने सम्भावित खतरालाई ध्यानमा राखी घट्ना हुनु १ घण्टा अगावै रुपनीले आफुलाई फोन गरेको र लगतै आफुले जिल्लाका उच्च प्रहरी अधिकारीहरुलाई खबर गरी सुरक्षा व्यवस्थाका लागी अनुरोध गरेको सुनाईन ।

# मधेस प्रदेशमा डिपबोरिङ र स्यालो ट्यूबेल व्यवस्था गर्न माग

काठमाडौं, २१ साउन (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले सङ्कटग्रस्त क्षेत्र मधेस प्रदेशमा डिपबोरिङ र स्यालो ट्युबेल व्यवस्था गर्न माग गर्नुभएको छ ।

बैठकको आकस्मिक समयमा उहाँहरूले सरकारले मधेसलाई सुक्खा भएका कारण सङ्कटग्रस्त क्षेत्र घोषणा गरे पनि डिपबोरिङ र स्यालो ट्युबेल नपुग्दा समस्या भएकाले समाधान गर्न माग गर्नुभएको हो ।

सांसद रामकृष्ण यादवले खडेरी परेको मधेस प्रदेशमा डिपबोरिङ र स्यालो ट्युबेलको पर्याप्त व्यवस्था गर्न माग गर्नुभयो । केही दिनदेखि अलिअलि पानी परेर राहत भएपनि अझै आवश्यक मात्रामा पानी नपरेको उहाँको भनाइ छ ।

सांसद महेशकुमार बर्तौलाले गरिबीको परिचय पत्र २५ जिल्लामा वितरण गरिए पनि रोग लागेर उपचारका लागि पाउनुपर्ने सहयोग नपाएका बताउनुभयो । मृगौला, क्यान्सर, मेरुदण्डका पक्षघात भएका रोगीलाई सहयोग उपलब्ध गराउन पनि उहाँले माग गर्नुभयो । धनी मानिस पनि रोगले उपचार गर्दागर्दै गरिब हुने अवस्था भएकाले तोकिएको चार वटा रोग लागेकालाई कार्यविधि संशोधन गरेर सहयोग उपलब्ध गराउने व्यवस्था गर्न सांसद बर्तौलाले स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद अमनलाल मोदीले ‘कुलिङ अफ पिरियड’, मन्त्रीहरूको लेनदेनको विषय, भिजिट भिसा प्रकरण, किसानले मल नपाएकालगायत समयसामयिक विषयमा सरकारले ठोस् कदम चाल्नुपर्नेमा जोड दिनुभयो । सांसद रमा कोइराला पौडेलले विदेशमा दुःख पाएका नेपालीलाई स्वदेश फिर्ता गराउन पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले २० वर्षदेखि काम गरेका कर्मचारीलाई सरकारले रित्तो हात फर्काउनु राम्रो नभएको धारणा राख्नुभयो ।

# सिरहामा पेस्तोलसहित तीन भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २१ साउन ।**

सिरहाको नरहा गाउँपालिका ३ स्थित चोहर्वा-सिराहा सडकखण्डमा प्रहरीको नियमित जाँचका क्रममा नलकट्‌वा पेस्तोलसहित तीन जना भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार भारतको विहार राज्य, मधुवनी जिल्लाको बेलही पञ्चायत-३ निवासी ओमशङ्कर यादव, ऋषिनाथ मण्डल र आकाशकुमार मण्डललाई मङ्गलबार अपराह्न पक्राउ गरिएको हो । उनीहरू एकै मोटरसाइकलमा सवार रहेका थिए ।

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीको नेतृत्वमा खटिएको टोलीले शङ्का लागेर मोटरसाइकल रोकेर जाँच गर्दा लुकाइछिपाइ राखिएको नलकट्‌वा पेस्तोल फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका तीनैजनालाई मिर्चैया प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले जानकारी दिए । उनका अनुसार बुधबार उनीहरूलाई सिरहा जिल्ला अदालतमा उपस्थित गराई हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा म्याद थप गरि अनुसन्धानका अगाडि बढाइएको छ ।

# महिला विरोधी कानुन नल्याउन महिला सङ्घ ध्यानाकर्षण

काठमाडौं, २१ साउन (रासस) ।

नेपाल महिला सङ्घले बहुविवाहसम्बन्धी कानुन निर्माण हुन लागेको विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । सङ्घको बागमती प्रदेश समितिले बुधबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई एक ज्ञापनपत्र बुझाउँदै महिला बिरोधी कानुन निर्माण नगर्न आग्रह गरेको हो ।

नेपाली महिलाहरुले पितृसत्तात्मक उत्पीडनबाट मुक्ति पाउनका लागि धेरै लामो सङ्घर्ष गर्दै आएको स्पष्ट पार्दै सङ्घले विभिन्न आन्दोलनबाट प्राप्त अधिकार तुहाउने प्रयास भइरहेकामा चिन्ता व्यक्त गरेको छ ।

राजनीतिक प्रतिनिधित्वमा गठबन्धनको कारण सहभागिता घटेको, बिबाहको उमेर घटाएर महिलालाई उत्पादन सम्बन्धसँग जोडिन र घरको चौघेरोबाट बाहिर आउन नसक्ने वातावरण सिर्जना गर्ने, कानूनी व्यवस्था जस्ता प्रयासहरु भइरहेकामा सङ्घको गुनासो छ ।

मुलुकी अपराध संहिता , २०७४ लाई संशोधन गरी निश्चित परिस्थितीमा बहुबिवाह गर्न पाउने कानुन ल्याउन लागेको विषयले सम्पूर्ण नेपालीको ध्यानाकर्षण भएको सङ्घका अध्यक्ष बिमला चौलागाई शर्माले उल्लेख गर्नुभयो ।

# मण्डललाई पक्राउ गर्न अदालतबाट दोश्रो पटक पक्राउ पुर्जी जारी

**दैनिक समाचारदाता**
**राजबिराज, २१ साउन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १० निवासी राहुल मण्डल बिरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

सप्तरी जिल्ला अदालतबाट उनको नाममा बुधवार ३५ दिने पक्राउ पुर्जी जारी भएको हो । यस अघि जारी भएको ७ दिने पक्राउ पुर्जी बमोजिम निज फेला नपरेको/सम्पर्कमा नआएको र पक्राउ परी नआएको हुँदा दोश्रो पटक ३५ दिने पक्राउ पुर्जी जारी भएको अदालतले जनाएको छ ।

स्थानीय राजकुमार परियारको जाहेरीले उनीमाथी लिखत सम्बन्धि कसुर र ठगी मुद्दा चलेको अदालतले जनाएको छ । पक्राउ पुर्जीमा ३५ दिने दोश्रो पटकको अवधी भित्र पनि अदालतमा उपस्थित नभइ फरार रहेमा मुलुकी फौजदारी संहिता २०७४ को दफा ६५ बमोजिम कानुनी प्रकृया अघि बढाइने उल्लेख छ ।

अदालतबाट पक्राउ पूर्जी जारी भएका मण्डलको खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *प्रहरीको गोलीबाट ...*

प्रहरीले गोदाममा राखिएका मदिराहरु जरबजस्ति लान खोज्दा आपत्ति जनाउने क्रममा प्रहरीबाट अचानक गोली चलाइएको ज्ञापन पत्रमा उल्लेख गर्दै घटनाको उचित छानबिन गरि दोषिमाथी कडा कारवाहीको माग गरिएको छ ।

यसैबीच राजगढ गाउँपालिकाका राजनीतिक दलहरुको एक भेलाले बुधबार लालुको मृत्युको बिरोधमा विभिन्न मागहरु राख्दै संघर्ष समिति गठन गरेको छ ।

नेपाली काँग्रेसका राजगढ गाउँपालिका सभापति दिपेन्द्र कुमार यादवको संयोजकत्वमा त्यहाँका सबै दलका प्रतिनित्व हुने गरी सर्वदलिय संघर्ष समिति गठन गरिएको हो । राजगढ घट्नाको निष्पक्ष छानबिन, जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत प्रहरी निरीक्षक बिरेन्द्र कुमार यादव र घट्ना संलग्न दोषी प्रहरीलाई निलम्बन सहितको कारबाही, मृतक लालुलाई शहिद घोषणा सहितको क्षतिपुर्ती दिनुपर्ने र राजगढका जनताको शान्ति सुरक्षाको माग अघि सारिएको संघर्ष समितिले जनाएको छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*